ख. मापदण्ड तय गर्ने

समूहले प्राङ्गारिक उत्पादनका स्पष्ट मापदण्ड र नियमहरू तयार गर्छ । यी मापदण्ड अन्तर्राष्ट्रिय स्तरमा स्वीकार भएका प्राङ्गारिक मानक, विशेष गरी IFOAM द्वारा निर्धारित सिद्धान्तहरू र राष्ट्रिय सन्दर्भसँग मिलाएर तयार गरिन्छ । यसमा मल, कीटनाशक, बीउ, माटो व्यवस्थापन, पशुपालन, बाली चक्र र वातावरण संरक्षणसम्बन्धी स्पष्ट प्रावधानहरू समावेश गरिन्छ । यस प्रक्रियामा सबै कृषक सदस्यहरुको सहभागिता भई सबैले स्वीकार गर्ने व्यवहारिक नियम बनाईन्छ ।

ग. आन्तरिक निरीक्षण

PGS को सबैभन्दा महत्वपूर्ण पक्ष आन्तरिक निरीक्षण हो । समूहका सदस्य किसानहरू नै एकअर्काको खेतमा गएर अवलोकन गर्नुका साथै तोकिएको निरिक्षकद्वारा खेती पद्धतिहरुको निरीक्षण गरिन्छ । यस प्रक्रियामा समस्याहरु भए परामर्श दिईन्छ र सुधारका उपायहरु सिफारिस गरिन्छ । निरीक्षणका लागि पूर्वनिर्धारित चेकलिस्ट प्रयोग गरिन्छ । यसले पारदर्शिता, आपसी विश्वास र अनुशासन कायम राख्न मद्दत गर्छ ।

घ. अभिलेख राख्ने

PGS मा प्रमाणिकरण प्रक्रिया तथ्य र प्रमाणमा आधारित हुन्छ । त्यसैले प्रत्येक किसानले आफ्नो खेतीसँग सम्बन्धित सम्पूर्ण विवरण अभिलेखमा राख्नुपर्छ । यसमा बालीको इतिहास, प्रयोग भएको सामग्री, मल र औषधि प्रयोग, खेत व्यवस्थापनका कार्यहरु, उत्पादन मात्रा, निरीक्षण नतिजा र समूह निर्णयसम्बन्धी फाइल समावेश गरिन्छ । व्यवस्थित अभिलेखीकरणले निरीक्षण र प्रमाणिकरण प्रकृयालाई वैज्ञानिक, पारदर्शी र विश्वसनीय बनाउँछ।

ङ. प्रमाणीकरण

निरिक्षक, प्रमाणिकरण समिति, आन्तरिक निरीक्षण, अभिलेख विश्लेषण र समूहगत छलफलको आधारमा प्रमाणिकरण निर्णय गरिन्छ । मापदण्ड पूरा गर्ने किसानहरुलाई PGS प्रमाणपत्र प्रदान गरिन्छ र उनीहरूको उत्पादन “प्राङ्गारिक” या “PGS Certified” भनेर बजारमा परिचित गराइन्छ । यदि कुनै किसानले पूर्ण मापदण्ड पूरा गर्न सकेन भने सुधारका लागि समय र सुझाव दिइन्छ, र सुधारपछि पुनः मूल्यांकन गरिन्छ । यसरी PGS प्रमाणिकरण केवल औपचारिक कागज मात्र नभई विश्वास, जिम्मेवारी र सामूहिक प्रतिवद्धताको प्रतीक हो ।

यो लिफलेट नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन २०६९ को आधारमा तयार गरिएको हो ।

© फरवार्ड नेपाल, २०८२ । सर्वाधिकार सुरक्षित ।
श्रोत उल्लेख गरी शैक्षिक तथा गैरव्यावसायिक प्रयोजनका लागि यस सामग्रीको आंशिक प्रयोग गर्न सकिनेछ, तर पूर्व लिखित अनुमति बिना पूर्ण वा व्यावसायिक प्रयोग गर्न पाइने छैन ।

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

WELT HUNGER HILFE
WHH

FORWARD Nepal

कालिका
स्वावलम्बन सामाजिक केन्द्र

विकासका लागि ग्रामिण कल्याण तथा कृषि सुधार समूह (फरवार्ड नेपाल)
Forum for Rural Welfare and Agricultural Reform for Development (FORWARD Nepal)
भरतपुर-२, क्षेत्रपुर, चितवन, नेपाल

+९७७ (०) ५६-५१७६२३, (०) ५६-५१७७३४
info@forwardnepal.org / forward@ntc.net.np
https://forwardnepal.org/

टोल फ्रि नं.: १८१०५०००२२३
(आईतबार देखि शुक्रवार बिहान १० बजे देखि साँझ ५ बजे सम्म)

‘सुधारिएको खाद्य प्रणाली र समान जीविकोपार्जनका अवसरहरु प्रवर्द्धनका लागी नागरिक समाज” परियोजना (NPL-1083-22)

सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली
(Participatory Guarantee System - PGS)



स्थानीय सहभागितामा आधारित प्राङ्गारिक उत्पादनको विश्वसनीय प्रमाणिकरण प्रणाली

आउनुहोस्, सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली अपनाएर प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गरौं !

• स्वस्थ खाना • स्वस्थ समाज • स्वस्थ वातावरण

परिचय

सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (Participatory Guarantee System - PGS) प्राङ्गारिक कृषि उत्पादनलाई प्रमाणित गर्ने एक समुदायमा आधारित प्रणाली हो। यस प्रणालीमा किसान, उपभोक्ता, प्राविधिक र स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता हुन्छ। यसले तेस्रो पक्ष प्रमाणिकरणको महँगो र जटिल प्रक्रियाको विकल्प प्रदान गर्दै साना तथा मध्यम किसानलाई बजारमा पहुँच बढाउन सहयोग गर्दछ। यसको प्रमाणिकरण विश्वास, पारदर्शिता र सहभागितामा आधारित हुन्छ। किसानहरूले आपसमा एकअर्काको खेत निरीक्षण गर्दै PGS निरीक्षकको सहभागितामा उत्पादन प्रक्रिया, प्रयोग भएका सामग्री र प्राङ्गारिक अभ्यासहरूको जाँच तथा अनुगमन गरी अनुभव आदानप्रदान र सामूहिक निर्णयमार्फत प्राङ्गारिक मापदण्डको पालना सुनिश्चित गर्छन्। PGS प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थापन, निरीक्षण र प्रमाणीकरण प्रक्रियालाई व्यवस्थित गर्न विभिन्न जिम्मेवारीसहितको संगठनात्मक संरचना गठन गरिन्छ, जसमा व्यवस्थापन समिति, प्रमाणीकरण समिति, PGS संयोजक, आन्तरिक निरीक्षक र सहजकर्ता समावेश हुन्छन्।

यस प्रणालीका मुख्य विशेषताहरु तल उल्लेख गरिएको छ।

- सहभागिता: किसान, संकलक, व्यापारी, र प्राविधिक सबैको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।
- पारदर्शिता: सम्पूर्ण प्रक्रिया खुला र सबैका लागि जानकारीयोग्य हुन्छ।
- सामाजिक उत्तरदायित्व: किसान, संकलक, व्यापारी, र उपभोक्ता बीच आपसी विश्वास र समुदायप्रतिको उत्तरदायित्व प्रणालीको आधार हो।
- सामूहिक निर्णय: प्रमाणिकरण सम्बन्धी निर्णय सामूहिक छलफल र सहमतिबाट गरिन्छ।
- ज्ञान र अनुभवको आदान-प्रदान: किसानहरुबीच सिकाइ र सुधारको निरन्तर प्रक्रिया चलिरहन्छ।

उद्देश्य

यस प्रणालीको मुख्य उद्देश्य किसान, उपभोक्ता र समुदायबीच विश्वासको आधारमा प्राङ्गारिक उत्पादनको विश्वसनीय प्रमाणिकरण सुनिश्चित गर्नु हो। यस प्रणालीमार्फत सिमान्तकृत, साना तथा मध्यम वर्गिय किसानलाई सरल, कम लागत र समुदायमै हुने प्रमाणिकरण प्रक्रियामा सहभागी गराइ उनीहरूको उत्पादनलाई स्थानीय तथा राष्ट्रिय बजारमा विश्वसनीय रूपमा पहिचान गराउने उद्देश्य राखिन्छ। यसको प्रमाणिकरणको रुपमा दिइने प्रमाणपत्र एकल तथा सामुहिकरुपमा प्रदान गरिन्छ।

यस प्रणालीले प्राङ्गारिक खेती प्रवर्द्धन गर्दै माटो, पानी र वातावरण संरक्षणमा योगदान पुऱ्याउने तथा सुरक्षित, स्वस्थकर र गुणस्तरीय खाद्य पदार्थको आपूर्ति सुनिश्चित गर्ने लक्ष्य लिएको हुन्छ। किसानहरुबीच ज्ञान तथा अनुभवको आदान प्रदान, क्षमता अभिवृद्धि र सहकार्य संस्कृतिलाई बढावा दिई दिगो कृषि प्रणाली निर्माण गर्नु यस प्रणालीको दीर्घकालीन उद्देश्य हो।

महत्व

PGS साना तथा मध्यम किसानका लागि अत्यन्त महत्वपूर्ण प्रणाली हो, किनकि यसले महँगो तेस्रो पक्ष प्रमाणिकरणको विकल्प प्रदान गर्दछ। प्रमाणिकरणको प्रक्रिया किसानहरुकै नेतृत्वमा हुने भएकाले यसले पारदर्शिता, विश्वासनियता र सामाजिक उत्तरदायित्वलाई सुदृढ बनाउँछ।

उपभोक्ताका दृष्टिले PGS ले खाद्य तथा पोषण सुरक्षा, विश्वासनीयता र उत्पादनको स्रोत विवरण पहिचान गर्न सहयोग गर्छ, जसले स्वस्थकर र सुरक्षित उपभोग प्रवर्द्धन गर्छ। राष्ट्रिय सन्दर्भमा हेर्दा PGS ले प्राङ्गारिक कृषि विकास, स्थानीय बजार सुदृढीकरण, ग्रामीण अर्थतन्त्रको प्रवर्द्धन, खाद्य सम्प्रभुता, खाद्य प्रणाली, र दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउँछ। नेपालजस्तो कृषिमा आधारित देशमा किसानमैत्री, पहुँचयोग्य र समुदाय केन्द्रित प्रमाणिकरण प्रणाली प्राङ्गारिक कृषि विस्तार साथ-साथै किसानको दिगो आय वृद्धि लागि महत्वपूर्ण रहेको छ।

व्यवस्थापकिय पक्ष

PGS को सफल कार्यान्वयनका लागि समूहमा आधारित व्यवस्थापन अपरिहार्य हुन्छ। यस प्रणालीमा किसान समूह वा सहकारी संस्था मुख्य कार्यान्वयन निकायका रूपमा रहन्छन्। समूहले किसान दर्ता, बाली निरीक्षण, अभिलेखीकरण, मूल्यांकन र प्रमाणिकरण निर्णयसम्बन्धी सबै प्रक्रियाको संयोजन गर्छ। समूहभित्र स्पष्ट नेतृत्व संरचना, जिम्मेवारी विभाजन र नियमित बैठक प्रणाली आवश्यक हुन्छ। निरीक्षण टोली गठन, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन, र निर्णय प्रक्रियामा सबै सदस्यको सहभागिता सुनिश्चित गरिनु व्यवस्थापनको प्रमुख पक्ष हो।

व्यवस्थापन पक्षका महत्त्वपूर्ण कार्यहरूमा सम्पूर्ण प्रक्रिया पारदर्शी बनाउने, अभिलेख सुरक्षित राख्ने, उपभोक्तासँग विश्वास कायम गर्ने, र आवश्यक परे प्राविधिक तथा संस्थागत सहकार्य लिने रहन्छ।



चित्रेरेखा: पि जी एस को आधारभुत संगठनात्मक संरचना

PGS को सफल सञ्चालनका लागि निम्न संगठनात्मक संरचना आवश्यक हुन्छ:

क. व्यवस्थापन समिति (५-७ सदस्यीय)

उत्पादन, प्रमाणीकरण, बजार व्यवस्थापन र संस्थागत विकासमा नेतृत्व प्रदान गर्ने।

मुख्य जिम्मेवारीहरू:

- संस्थाको प्रतिनिधित्व र मापदण्ड पालना गर्ने
- निरीक्षक र प्राविधिकलाई खेतबारीमा खटाउने
- आवश्यक जनशक्तिको विकास र नियमित काम सम्पन्न गराउने
- बजार व्यवस्थापन र संस्थागत विकास योजना सञ्चालन गर्ने

ख. प्रमाणीकरण समिति (३ सदस्यीय)

निरीक्षकको प्रतिवेदन अध्ययन गरी प्रमाणीकरण सम्बन्धी निर्णय गर्ने।

कार्यहरू:

- मापदण्ड पूरा गरेका किसानलाई प्रमाणपत्र दिने निर्णय
- दण्ड, सजाय र पुरस्कृत गर्नुपर्ने किसानको नाम सिफारिस

ग. PGS संयोजक

संयोजकले व्यवस्थापन समितिको सम्पर्क व्यक्ति, सचिव तथा प्रवक्ताको भूमिका निर्वाह गर्दछ।

घ. आन्तरिक निरीक्षक

सामान्यतया १ जना निरीक्षकले १० देखी १५ जना उत्पादक किसानहरुको निरिक्षण गरि उत्पादन प्रक्रियाको अध्ययन तथा जाँचबुझ गर्ने जिम्मेवारी निर्वाह गर्दछ।

ङ. सहजकर्ता

सहजकर्ताको भूमिका किसानहरुलाई प्राविधिक तथा व्यवस्थापकीय समस्याको समाधान गर्न सहजीकरण गर्ने रहन्छ।

कार्य प्रणाली

क. समूह गठन

एउटै भौगोलिक क्षेत्र वा बजार क्षेत्रमा कार्यरत किसानहरूले मिलेर PGS समूह गठन गरिन्छ। समूह गठन गर्दा विश्वास, सहकार्य र जिम्मेवारीको बाँडफाँटलाई आधार मानिन्छ। समूहमा २० देखि २५ जना किसानहरु हुनुपर्दछ। आवश्यकता र क्षेत्रको आकारअनुसार संख्या बढाउन सकिन्छ। समूह गठनपछि सदस्यहरूको दर्ता, नियमावली तयार गर्ने, र भूमिकाहरू स्पष्ट गर्ने प्रक्रिया अपनाइन्छ। यसरी बनेको समूह नै PGS प्रणालीको मुख्य सञ्चालन संरचना हुन्छ।